# स्थानीय राजपत्र

**सियारी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः ६ सियारी, कार्तिक ०४ गते, २०७९ साल संख्याः १२ अतिरिक्ताङ्क**


## भाग–२

**स्थानीय सरकार**

**सियारी गाउँपालिका, रूपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सियारी गाउँपालिकाको गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको नियमावली सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत २०७९ सालको नियमावली नं. १**

## नियमावलीको नाम: सियारी गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९

सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४

ले दिएको अधिकार प्रयोग गरी सियारी गाउँपालिकाले देहायका नियम बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम **सियारी गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली,२०७९** रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

(३) सियारी गाउँपालिकाको सार्वजनिक नियमावली,२०७८ (यस पछि मूल नियमावली भनिएको) नियम (१५) मा संशोधनः उपनियम (१) को सट्टा देहायका उपनियम (१) राखिएका छ।

उपनियम (१) (क) मा रहेको ३ करोडको सट्टा पाँच करोड

उपनियम (१) (ख) मा रहेको ३ करोडको सट्टा पाँच करोड

२. **मूल नियमावलीको नियम (१७)मा संशोधनः** उपनियम(१) पछि देहायको उपनियम (१क) थप गरिएको छ।

(१क) खरिद ईकाईको गठन सियारी गाउँपालिकामा खरिद कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको खरिद ईकाई रहने छ ।

(क) प्र.प्र.अ. वा निजले तोकेको अधिकृत कर्मचारीः- संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीः- सदस्य

(ग) जिन्सी एकाई प्रमुखः- सदस्य

३. **मूल नियमावलीको नियम २७ मा संशोधनः** मूल नियमावलीको नियम २७ को-

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

(ग) विगत पाँच वर्षमा एक्लौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी वा सब-कन्ट्रयक्टरको रुपमा प्रस्तावित खरिद

सम्झौतासँग मेलखाने प्रकृति, जटिलता र निर्माण प्राविधिक देहाय बमोजिमको सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लेखित परिमाणको कम्तीमा असी प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्सन रेट) वा संख्या वा परिमाणको आधारमा सम्पन्न गरेको विशेष अनुभवः-

(१) एक अर्ब रुपैंया सम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा असी प्रतिशत रकम बराबरको कम्तीमा एउटा ।

(२) एक अर्ब रुपैंया भन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा असी प्रतिशत रकम बराबरको कम्तीमा एउटा वा लागत अनुमानको कम्तीमा दुई तिहाई रकम बराबरको कम्तीमा एउटा र लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत रकम बराबरको कम्तीमा एउटा गरी कम्तीमा दुई वटा,

(२) उपनियम (२) पछि देहायका उपनियम (२क), (२ख) र (२ग) थप गरिएका छन्।

(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) बमोजिम दुईवटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुक्त उपक्रमका साझेदारहरुले हाँसिल गरेका अलग अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिने छ ।

(२ख) सार्वजनिक निकायले उपनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा जटिल प्रकृतिको निर्माण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदारले एकलौटी रुपमा वा व्यस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्रयाक्टरको रुपमा प्रस्तावित खरिद सम्झौतासँग मेल

खाने प्रकृति, जटिलता र निर्माण प्राविधिक न्यूनतम रुपमा कुल विशेष अनुभवको कम्तीमा दश प्रतिशत रकम बराबरको एउटा खरिद सम्झौता सफलतापुर्वक सम्पन्न गरेको विशेष अनुभव हुनुपर्ने गरी निर्धारण गर्न सकिने छ ।

(२ग) सार्वजनिक निकायले उपनियम (१) बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्नेछ ।

४. **मूल नियमावलीको नियम ३७ को उपनियम (१) मा संशोधनः** मूल नियमावलीको नियम ३७ को उपनियम (१) मा रहेको "एक अर्ब रुपैया" भन्ने शब्दहरुको सट्टा "तीन अर्ब रुपैया" भन्ने शब्दहरु राखिएको छ।

५. **मूल नियमावलीको नियम ३७ मा संशोधनः** (१)मूल नियमावलीको नियम ३७ को उपनियम (१) मा रहेको एक अर्ब को सट्टा पाँच अर्ब राखिएको छ ।

(२) उपनियम (२) (३) (४) (५) (६) (७) झिकिएका छन् ।

६. **मूल नियमावलीको नियम ३७ पछि देहायको नियम ३७ क थप गरिएको छ।**

३७क. **स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिनेः** (१) अन्तराष्ट्रियस्तरको बोलपत्रमा एकल रुपमा वा स्वादेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा

त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेस्टिक रिफ्रेन्स दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क रकमको पाँच प्रतिशतसम्म वढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृती गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रममा विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई स्वादेशी फर्म, संस्था वा कम्पनीको हिस्साको अनुपातमा उपनियम (२) बमोजिम प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सकिनेछ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश अर्ब रुपैया सम्मको लागत अनुमान भएको निर्माण सम्वन्धी अन्तराष्ट्रियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ ।

७. **मूल नियमावली नियम ३९ पछि निम्न अनुसारको नियम ३९ क थप गरिएको छ।**

**३९क. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधिः** (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँ भन्दा वढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताको प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग-अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग-अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई

अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २५, २६, २८ र २९ बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राविधीक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रकृयाबाट खोली ऐनको दफा २३ र नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रुपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तराष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ।

८. **मूल नियमावलीको नियम ४३ मा संशोधनः** मूल नियमावलीको नियम ४३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थप गरिएको छ।

(१क) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताको आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा सार्वजनिक निकायले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पूनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ ।

९. **मूल नियमावलीको नियम ५५ मा संशोधनः** मूल नियमावलीको नियम ५५ मा रहेका "सम्वन्धित सार्वजनिक निकायका प्रमुखले" भन्ने शब्दहरुको सट्टा नियम १५ बमोजिमको अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल नियमावलीको नियम ७४ मा संशोधनः** मूल नियमावलीको नियम ७४ को उपनियम (४) पछि निम्ननुसारको उपनियम (४क), (४ख), (४ग) र (४घ), (४घ१), (४घ२), (४घ३) र (४घ४), (४ङ),(४च) र (४छ) थपिएका छन् ।

(४क) मूल्यांकन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यका लागि गणना हुने छैन।

(४ख) उपनियम (४क) को प्रयोजनको लागि कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता मध्ये त्यस्तो सार्वजनिक निकाय वा आयोजनालाई आवश्यक पर्ने हद सम्मको विवरण सो निकाय वा आयोजनाबाट लिई बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजात पेश गर्नु पर्नेछ ।

(४ग) बोलपत्रदाताले आफूले गरेको अधिक्तम कारोबार भएका कुनै तीन आर्थिक वर्षको कारोवार रकमको औषत वार्षिक कारोवार (टर्न ओभर) रकमको वढीमा पाँच गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्यांकनको आधारको रुपमा लिनु पर्नेछ । यसरी तीन आर्थिक

वर्षको कारोवार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्ष भित्रबाट गणना गर्नु पर्दछ ।

(४घ) उपनियम (४ग) बमोजिम आर्थिक कारोवार रकमको पाँच गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि बार्षिक दायित्व रकम घटाएर मात्र यकिन गर्नु पर्नेछ ।

(४घ१)यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आह्वान हुने खुल्ला बोलपत्र प्रकृयामा निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा वढीमा पाँच वटा बोलपत्रको प्रकृयामा भाग लिन सक्नेछन ।

(४घ२)उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैन।

(क) यो उपनियम प्रराम्भ हुनु अघि बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको,

(ख) यो उपनियम प्रारम्भ भए पछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा नियमा ११७ बमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको ।

(४घ३) यो उपनियम प्रारम्भ भए पछि आह्वान भएको बोलपत्र प्रकृयामा भाग लिदा निर्माण व्यवसायीले पाँचवटा भन्दा वढी बोलपत्र प्रकृयामा भाग नलिएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरी स्वघोषणा गरिएको विषयलाई सार्वजनिक निकायले बोलपत्र मूल्यांकन गर्दा नियम १५९ को उपनियम (६क) बमोजिमको अभिलेखसँग भिडाउनु पर्नेछ ।

(४घ४) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तराष्ट्रिय स्तरकोबोलपत्रमा वढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले

एकल वा संयुक्त उपक्रमको रुपमा अन्तराष्ट्रियस्तरको पाँचवटा भन्दा वढी बोलपत्र प्रकृयामा समेत भाग लिन सक्नेछ ।

तर त्यस्तो निर्माण व्यवसायीले यो उपनियम प्रराम्भ भएपछि आह्वान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रिय स्तरको तीनवटा वा सो भन्दा वढी बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटा भन्दा वढी बोलपत्रको प्रकृयामा भाग लिन सक्ने छैन ।

(४ङ) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालु अवस्थामा रहेको खरिद सम्झौताको संख्या, बोलपत्र सम्वन्धी अन्य विवरण तथा कागजात सम्वन्धमा स्वयम् घोषणा गरी बोलपत्र सम्वन्धी कागजातसाथ विवरण पेश गर्नु पर्नेछ। यसरी पेश भएको विवरण झुठा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्यांकन प्रकृयाबाट हटाई ऐनको दफा ६३ बमोजिम कालोसुचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारवाही हुनेमा त्यस्तो कारवाही समेत गरिनेछ।"

(४छ) उपनियम (४क), (४ख), (४ग) र (४घ), (४ङ) र (४च) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम लागु हुनु अघि मुल्यांकन प्रकृयामा रहेको बोलपत्रको हकमा यो नियम प्रारम्भ हुनु अघि कायम रहेको व्यवस्था बमोजिम हुनेछ ।

११. **मुल नियमावलीको नियम ७६ मा संशोधनः** मूल नियमावलीको नियम ७६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ ।

(क) दश करोड रुपैयाँसम्मको प्रमुख प्रशासकीय अधिकृत,

(ख) दश करोड भन्दा वढी रकमको गा.पा. अध्यक्षबाट

१२. **मूल नियमावलीको नियम ७८ मा संशोधनः** मूल नियमावलीको नियम ७८ को च पछि च१ र च२ थप गरिएको छ ।

च१. परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात काम गर्न नसक्ने गरी विरामी भएको,दुर्घटना परेको वा मृत्यु भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा,

च२. कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालीन रूपमा संलग्न भएको अबस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिका दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवामा खरिद गर्न नमिल्ने कुरा,

१३. **मूल नियमावलीको नियम ९५ मा संशोधनः** मूल नियमावलीको नियम ९५ को (१) मा निम्न अनुसार संशोधन गरिएको छ ।

१. सार्वजनिक खरिद ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधिनमा रही देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिने छ ।

(क) दश लाख रूपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान,

(ख) पाँच लाख रूपैयाँ सम्म लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा,

(ग) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिन, औजार, ईलेक्ट्रिक्स डिभाइसको पाँच लाख सम्मको मर्मत सम्भार ।

(२) उपनियम (२) मा रहेको बिस लाख रुपैया सम्मको भन्ने शब्दहरुको सट्टा पच्चीस लाख रुपैयासम्मको भन्ने शब्दहरु राखी

सोही उपनियममा रहेको पन्ध्र लाख रुपैया सम्मको भन्ने शव्दहरु झिकिएको छन ।

१४. **९७(क) थप गरिएको छः-**

९७(क) उपनियम १ मा उल्लेखित एक करोड रुपैया सम्मको लागत अनुमान मु.अ.कर, ओभरहेड, कन्टेनन्जेन्सी र जनसहभागितको अंश समेत समावेश हुन्छ ।

१५. **मूल नियमावलीको नियम ९९ मा संशोधनः** मूल नियमावलीको नियम ९९ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ।

(३क) उपनियम (१) बमोजिम तयार भई स्वीकृत लागत अनुमानको आधारमा खरिद प्रकृया अगाडी बढाउँदा पहिलो पटक कुनै बोलपत्र सारभुत रुपमा प्रभावग्राही नभएमा र लागत अनुमान तयार गर्दको अवधिमा नेपाल राष्ट्र बैंकबाट प्रकाशित हुने सम्वन्धित क्षेत्रको उपभोक्ता मुल्य र कृषि उपजको साविक मूल्य सूचीमा दश प्रतिशतभन्दा वढी बढ्न गएको भएमा रासन ब्यवस्था गर्नुपर्ने सार्वजनिक निकायको प्रमुखले लागत अनुमान संशोधनको लागि उपनियम (२) बमोजिमको समिति समक्ष पेश गर्न सक्नेछ र यसरी पेश भएमा सो समितिले लागत अनुमान संशोधन गर्न सक्नेछ ।

१६. **मूल नियमावलीको नियम १०७ को ठाउँ ठाउँमा रहेका "वा लाभग्राही सामुदाय" भन्ने शब्दहरु झिकिएका छन ।**

१७. **मूल नियमावलीको नियम १०७ थपः** मूल नियमावलीको नियम १०७ पछि देहायको नियम १०७क थपिएको छः-

१०७क. <u>लाभग्राही समुदायबाट काम गराउन सकिनेः</u>- (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको देहाय बमोजिमको निर्माणकार्य लाभग्राही समुदायबीच प्रतिस्पर्धा गराई गराउन सकिने छ ।

(क) जटिल प्राविधिक क्षमता आवाश्यक नपर्ने,

(ख) लाभग्राही समुदायबाट गर्दा मितव्यिता, गुणस्तरियता, र दीगोपन अभिवृद्धि हुने ।

(ग) स्थानीय स्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने ।

(घ) निर्माणकार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सृजना गर्ने र त्यस्तो निमार्ण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने ।

(ङ) निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा संचालन लाभग्राही समुदायबाट हुन सक्ने ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "लाभग्राही समुदाय" भन्नाले निर्माणकार्यबाट लाभान्वित हुने कम्तीमा पचास जना सदस्य भएको स्थानीय समूह वा समुदाय सम्झनु पर्छ र सो शव्दले सम्वन्धित निर्माणकार्यसँग सम्वन्धित लाभग्राही व्यक्तिहरुबाट प्रचलित कानून बमोजिम गठित श्रम सहकारीलाई समेत जनाउँछ ।

(२) उपनियम (१)मा उल्लेखित रकमको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र लागतसहभागितको अंश भए सो समेतको रकम समावेश हुनेछ र सार्वजनिक निकायले यस नियम वमोजिम लाभग्राही समुदायलाई रकम भुक्तानी दिदा उल्लिखित रकम कट्टा गरेर मात्र दिनु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनको लागि सम्वन्धित कामको प्रकृति, परिणमा, लागत अनुमान, कार्यसम्पन्न गर्नु पर्ने अवधि र अन्य आवाश्यक कुराहरु खुलाई सार्वजनिक नियकाले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचनाको आधारमा सम्वन्धित लाभग्राही समुदायले सार्वजनिक निकाय समक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम लाभग्राही समुदायले प्रस्ताव पेश गरेमा सार्वजनिक निकायले सबैभन्दा कम कबोल गर्ने लाभग्राही समुदायसँग त्यस्तो काम सम्वन्धमा खरिद सम्झौता गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सम्झौतामा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) निर्माणकार्यको प्रकृति, परिमाण, लागत अनुमान, प्रत्यक्ष कार्य इकाईमा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि,

(ख) सार्वजनिक निकायले सम्वन्धित कामको डिजाईन, लागत अनुमान तयार गर्ने, स्विकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्ने,

(ग) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार गर्नु पर्ने,

(घ) सम्पन्न निर्माणकार्यको भुक्तानीको शर्त र तरिका,

(ङ) अन्य आवश्यक कुरा ।

(७) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा लाभग्राही समुदायबीचमा प्रतिस्पर्धा हुन् अवस्था नभएमा वा त्यस्तो सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव पेश नभएमा सार्वजनिक ऐन तथा नियमावली बमोजिमको अन्य प्रकृयाबाट त्यस्तो निर्माण कार्य गराउन सक्नेछ ।

(८) लाभग्राही समुदायले प्रत्येक किस्ताको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य

कागजात त्यस्तो समुदायको संचालक समितिबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भाए तापनि देहायका निर्माणकार्य लाभग्राही समुदायबाट गराउन सकिने छैन।

(क) एक आपसमा अन्तरसम्वन्धित भई एउटै प्याकेजमा काम गर्नु पर्ने प्रकृतिको निर्माणकार्यलाई खण्डीकरण गरी अलग अलग प्याकेज बनाईएको,

(ख) लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशत भन्दा कम भएको,

(ग) लागत अनुमान अनुसार मेसिन औजारको लागत भार बीस प्रतिशत भन्दा वढी भएको ।

(१०)यस नियम बोमोजिम लाभग्राही समुदायबाट काम गराउदा नियम १०७ को उपनियम (७), (८), (९), (९क), (१०), (११), (१२), (१३), (१३क), (१४) (१५),(१६) र (१७) को व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागु हुनेछ ।

१८. **मूल नियमावलीको नियम १२१ मा संशोधनः** (१)मूल नियमावलीको नियम १२१ को उपनियम (१) मा रहेको **"दश लाख रुपैया"** भन्ने शब्दहरुको सट्टा **"बीस लाख रुपैया"** भन्ने शब्दहरु राखिएका छन्।

(२) मूल नियमावलीको नियम १२१ को उपनियम (३) पछि देहायको उपनियम (३क) थप गरिएको छ ।

(३क) नियम १०७ वा १०७क बमोजिम उपभोक्ता समिति वा लाभग्रही समुदायबाट बीस लाख रूपैयाँ भन्दा वढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्रही समुदायले उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने छ ।यसरी

बीमा गराउने कार्यको लागि गाउँपालिकाले सहजीकरण गरिदिनु गर्ने छ ।

१९. **मूल नियमावलीको नियम १२६ मा संशोधनः** मूल नियमावलीको नियम १२६ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ।

"(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माणकार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ ।"

२०. **मूल नियमावलीको नियम १२९ मा संशोधनः** मूल नियमावलीको नियम १२९को सट्टा देहायको १२९ राखिएको छ ।

१२९. <u>खरिद सम्झौताको अवधि थप गर्न सकिनेः</u> (१) ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौतको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्वन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्वन्धित अधिकार प्राप्त अधिकारीले सो सम्वन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँचबुझ गर्दा वा गराउदा देहायको अवस्था देखिएमा बोलपत्र स्वीकृत

गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछ ।

(क) सम्वन्धित सार्वजनिक निकायले निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौता बमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको,

(ख) ऐनको दफा ७६क. बमोजिम कागजात झिकाएको कारणबाट ढिलाई भएको, वा

(ग) विपद वा अन्य काबु बाहिरको परिस्थितिको कारण सम्झौता बमोजिमको काम हुन सक्ने अवस्था नभएको ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा सो उपनियम बमोजिमको अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम परेको निवेदनका सम्वन्धमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम बमोजिमको म्याद थप सम्वन्धी कारवाही प्रकृया खरिद सम्झौताको अवधिभित्र टुङ्ग्याउनु पर्नेछ ।

(५) उपनियम (२) वा (३) बमोजिम म्याद थप गरिएकोमा म्याद थप गर्ने अधिकारीले सोको विस्तृत विवरण सहितको प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिमको अवधिभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्वन्धी

कारवाही प्रकृया नटुङ्ग्याएमा सम्वन्धित निर्माण व्यावसायी, आपूर्तिकर्ता, सेवाप्रदायक वा परामर्शदाताले आवश्यक निर्माणको लागि खरिद सम्झौताको अवधि समाप्त भएको सात दिनभित्र एक तह माथिको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको निवेदनका सम्वन्धमा एक तह माथिको अधिकारीले छानविन गरी सो निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र म्याद थप सम्वन्धी कारवाही प्रकृया टुङ्ग्याउनु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि खरिद सम्झौता अनुसारको काम सम्पन्न भइसके तापनि म्याद समाप्त भएका कारण फरफारक हुन नसकेका सम्झौताको हकमा सार्वजनिक निकाय वा आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी एक पटकको लागि यो नियम प्रारम्भ भएको तीस दिनभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गरी सम्झौता बमोजिमको भुक्तानी तथा फरफारक गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम म्याद थप गर्दा पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु भन्दा तत्काल अघि कायम रहेको व्यवस्था तथा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/०५/०३ को निर्णय बमोजिम खरिद सम्झौताको म्याद थप गर्नको लागि सार्वजनिक निकाय समक्ष निवेदन परेको तर सो सम्वन्धमा निर्णय भइनसकेका खरिद सम्झौताको

हकमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र म्याद थप सम्वन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(११) यो नियम प्रारम्भ हुँदाको बखत सम्झौता बमोजिमको काम सम्पन्न नभएका र म्याद थप नभएका वा उपनियम (२) वा (३) बमोजिम म्याद थप हुन नसक्ने उपनियम (१०) बमोजिम म्याद थपको लागि निवेदन नपरेका वा त्यस्तो निवेदन परेकोमा सो उपर म्याद थप नभएको खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने, कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गर्ने र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने समेतको निर्णय सम्वन्धित अधिकारीले यो नियम प्रारम्भ भएको साठी दिन भित्र गरिसक्नु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम कारवाही सम्वन्धी निर्णय गर्दा सम्झौता बमोजिमको कार्य जानजानी बदनियतपुर्वक वा लापरवाहीको कारण सम्पन्न नगरेको देखिएमा सार्वजनिक निकायले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई ऐनको दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(१३) यस नियम बमोजिम म्याद थपको कारवाही प्रकृया समयमा नटुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मुल्यांकन र कारवाही समयमै नगर्ने सम्वन्धित पदाधिकारी वा

कर्मचारीलाई तालुक निकायले विभागीय कारवाही गर्नु पर्नेछ ।"

**२१. मूल नियमावलीको नियम १२९ क थप गरिएको मूल नियमावली १२९ पछि देहायको १२९क थप गरिएको छ ।**

१२९क. **१२९क. खरिद सम्झौताको अवधी थप सम्बन्धी विशेष व्यवस्थाः** (१) नियम १२९ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका वखत खरिद सम्झौताको अवधि समाप्त भएको वा संवत् २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिम काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको वा यो नियम प्रारम्भ हुनु अघि अवधि थपको लागि सार्वजनिक निकाय समक्ष निवेदन परी सो सम्बन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्बन्धित निमार्ण व्यवसायीले यो नियम प्रारम्भ भएको एक्काईस दिनभित्र संशोधित कार्यतालिका सहित सम्झौताको अवधि थपको लागि सम्बन्धित निकायमा निदेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम(१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पून: पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम संशोधित कार्यतालिका पेश भए पछि बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा दुई वटा प्रगति हाँसिल गर्नुपर्ने सीमा (माइलस्टोन) तोकी थप आर्थिक व्यभार नपर्ने गरी वढीमा संवत् २०८० साल असार मसान्तसम्म म्याद थप गर्न सक्नेछ । सम्बन्धित निर्माण व्यवसायीले

त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ती तिर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निणय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ ।यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नुपर्नेछ ।

(५) उपनीयम (३) बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएमा वा उपनीयम (१) मा तोकिएको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा नियम १२० को उपनियम (११) बमोजिम खरिद सम्झौता अन्त्य गर्नुपर्नेछ ।

(६) उपनियम (३) बमोजिम थप गरिएको अवधिमा पेश भएको कार्यतालिका बमोजिम निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालयले अनुगमन गर्नु पर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनी यो नियम प्रारम्भ हुँदाका बखत नियम १२० बमोजिम खरिद सम्जौताको अवधि थपको लागि निवेदन नपरेका र कार्यस्थलमा छ महिनादेखि सम्झौता बमोजिम कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको खरिद सम्झौताको म्याद थप गरिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद थप हुन नसक्ने खरिद सम्झौतालाई सार्वजनिक निकायले नियम १२० को उपनियम (११) बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ ।

२२. **मूल नियमावलीको नियम १३० मा संशोधनः** मूल नियमावलीको नियम १३० कोः-

(१) खण्ड (क) मा रहेको "र" भन्ने शब्द झिकिएको छ ।

(२) खण्ड (ख) पछि खण्ड (ग) थपिएको छः-

(ग) खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने।

२३. **मूल नियमावलीको नियम १३३ मा संशोधनः** मूल नियमावलीको नियम १३३ को उपनियम (२) पछि देहायको उपनियम (२क) र (२क१) थपिएको छ।

२क. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त उपकरणको हकमा रिटेन्सन मनि भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि भुक्तानी दिईने छ ।

"(२क१) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १३२ बमोजिम राखिएको रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिनेछ। यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटी सच्याउने अवधिभन्दा कम्तीमा एक महिना वढी अवधिको हुनु पर्नेछ ।"

२४. **नियम १३८ को (४)को खण्ड (घ) को सट्टा देहायको उपनियम (घ) रखिएको छ ।**

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा कम्तीमा १५ दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्ने छ । त्यस्तो सूचना र थप जानकारी कार्यालयको वेवसाईटमा राख्नु पर्ने छ र सूचना पाटीमा समेत टाँस गर्नु पर्ने छ ।

२५. **मूल नियमावलीको नियम १५२ मा संशोधनः**

**१५२. कालोसुचीमा राख्नेः** (१) सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तीकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति फर्म, संस्था वा कम्पनीलाई कालोसूचीमा राख्नु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(२) कालो सूचीमा राख्ने सम्बन्धी अन्य व्यवस्था संघीय सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

२६. **मूल नियमावलीको नियम १५९ मा संशोधनः** मूल नियमावलीको नियम १५९ को उपनियम (६) पछि देहायको उपनियम (६क), (६ख) र (६ग) थपिएका छनः-

(६क) सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद सम्झौताको अभिलेख राख्ने प्रयोजनको लागि विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नु पर्नेछ ।

(६ख) सार्वजनिक निकायले निर्माणसँग सम्वन्धित खरिद सम्झौता गरेपछि सोको संक्षिप्त विवरण प्रमाणित गरि उपनियम (६क) बमोजिम स्थापना भएको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(६ग) उपनियम (६क) बमोजिम विद्युतीय प्रणली तयार नभए सम्मको लागि सार्वजनिक निकायले उपनियम (६ख) बमोजिमको

आफ्नो विवरण कार्यालयमा अभिलेख राखी त्यस्तो विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयम पठाउनु पर्नेछ ।"

२७. **मूल नियमावलीको नियम १६२ पछि देहायको नियम ६२क. थप गरिएको छ ।**

**१६२क. संघीय खरिद नियमावली अनुसार हुनेः** यस नियमावलीमा समावेस हुन छुट भएका विषय र समय समयमा सार्वजनिक खरिद नियमावली २०६४ मा संशोधन भई यस नियमावलीमा नपरेका कुराहरु र यस अघि संघीय खरिद नियमावली अनुसार भए गरेका कुराहरु संघीय खरिद नियमावली अनुसार हुने छन् र यस नियमावली अनुसार भएको मानिने छ।

प्रमाणिकरण मिति २०७९।०७।०४

आज्ञाले<br>
रोमनाथ न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत